# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या :७ मिति : २०७७/०९/२३

भाग-२


## पनौती नगरपालिकाको

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७

**प्रस्तावना :** समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न बान्छनीय देखिएकोले पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पनौती नगरपालिकाको मिति २०७७/०९/२१ को कार्यपालिका बैठकले यो कोष संचालन सम्वन्धि कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७ ” रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भए पश्चात लागु हुने छ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “कार्यालय” भन्नाले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) “ कोष” भन्नाले नियम ३ बमोजिम स्थापना भएको “लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

ग) “पिडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

घ) “संचालक समिति” भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्दछ ।

ङ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

३. **कोषको स्थापना :**

१. लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना हुनेछ ।

२. कोषमा देहाय वमोजिमका रकमहरु रहने छन् ।

क) पनौती नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त रकम ।

ख) बिदेशी रकमको हकमा नगरपालिकाले नेपाल सरकारबाट स्वीकृत लिनु पर्ने छ। वा स्वदेशी व्यक्ति,अन्तर्रास्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम ।

ग) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

४. **कोषमा रकम जम्मा गर्ने :** महिला हकहितको लागि नगरपालिकाले बार्षिक बजेटमा व्यवस्था गरे बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्दछ ।

५. **कोषको उपयोग :**

१. कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :

क) तत्काल उद्धार गर्न ।

ख) औपधी उपचार गर्न ।

ग) राहत प्रदान तथा आर्थिक सहयोग उपलब्ध गराउन ।

घ) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श परामर्श सेवा प्रदान गर्न ।

ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा प्रदान गर्न ।

च) पुनस्थापना गराउन ।

छ) पीडितको लागि संचालक समितिकले तोके बमोजिमको अन्य काममा ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

१. कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

२. उपनियम १ वमोजिम संचालक समितिको बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग नगरी छुट्टै प्रशासनिक खर्चको व्यवस्था गर्नु पर्नेछ ।

७. **कार्यालयलाई रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि संचालक समितिले कोषबाट सम्बन्धित संस्थाको नाममा रकम निकासा दिनेछ ।

**८. संचालक समितिको गठन :**

१. पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि देहाय बमोजिम संचालक समिति रहनेछ ।

क) नगर उप प्रमुख ................................................-अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत ....................................-सदस्य

ग) सामान्य प्रशासन महाशाखा ..................................... -सदस्य

घ) प्रमुख इलाका प्रहरी कार्यालय ....................................-सदस्य

ङ) नगर सभा सदस्य (महिला २ जना संचालक समितिले तोके वमोजिम) ...........-सदस्य

च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना ................................ - सदस्य

छ) महिला शाखा प्रमुख .......................................-सदस्य सचिव

२. उपनियम १ को खण्ड घ बमोजिमको समितिको पदावधि २ बर्षको हुनेछ ।

३. संचालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

४. संचालक समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **संचालक समितिको काम, कर्तव्य र अधिकार :** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

ग) नगर क्षेत्रमा लैङ्गिक हिंसा निवारणको लागि कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने ।

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

१. यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम ,खाना खर्चवापत र बास बस्नुपर्ने भए सो वापत छुटै रकम दिने ।

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास र उपचार खर्च समेत उपलब्ध गराउने ।

ग) कानुनी सहायता ,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँचहजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

घ) कुनै व्यवसाय गर्नका लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया ।

ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैया ।

च) संचालक समितिले तोके बमोजिमको अन्य कामको लगि कामको प्रकृति हेरी बढीमा  दश हजार रुपैया ।

२. उपनियम १ बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पिडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा संचालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्ने छ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

१. यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा  आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित / न्यायीक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

२. उपनियम १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा संचालक समितिले नियम १० को अधिनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पिडितलाई तत्काल उद्धार,औषधी उपचार ,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा संचालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।- (दश हजार मात्रमा) नबढ्ने गरी मनासिव रकम सम्वन्धित पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम १ बमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पिडितलाई रकम उपलब्ध गराईएकोमा रकम उपलब्ध गराए पछि वस्ने संचालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :**

(१) कोषमा रहेको रकम अपर्याप्तताको कारण खुलाई संचालक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम १ बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले उपलब्ध श्रोतका आधारमा आवश्यकता र औचित्यता हेरि कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुटै खाता खोल्नु पर्ने :**

(१) लैङ्गिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम सरकारी बैकमा छुटै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिमको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अख्तियार प्राप्त कर्मचारी र लेखा प्रमुखको संयूक्त दस्तखतबाट संचालन हुनेछ ।

**१५ कोषको लेखा र लेखा परिक्षण :**

१. लैङ्गिक हिंसा निवारण कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२. कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६ कोष :** यो कोष फ्रिज नहुने कोषको रुपमा रहनेछ ।

**१७ प्रतिवेदन पेश गर्ने :**

(१) राहत समितिले चौमासिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१८ निर्देशन दिन सक्ने :** कार्यपालिकाले संचालक समितिले गरेका काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. बैठक भत्ता :** संचालक समितिका अध्यक्ष वा सदस्यहरुले समितिको बैठकमा सहभागी भए वापत नगरपालिका कार्यालयले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**२०. बाधा अड्काउ फुकाउ** : यो निर्देशिकामा थपघट हेरफेर गर्नु परेमा नगरकार्यपलिकाको निर्णय बमोजिम हुनेछ ।

**२१. खारेजी र बचाउ :** यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०९/२२**

**रामप्रसाद वाग्ले**

**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*